# कार्यपालिका बैठक नं.५, आ.व.२०८१- ०८२ (२०८१/०८/०३

आज मिति २०८१/०८/०३ गतेका दिन बिहान ११ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

## उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विष्णु प्रसाद शर्मा | |
| १६ | प्रशा. सहायक | अपेक्षा [illegible] [illegible] | |
| १७ | का. सहयोगी | रानु [illegible] | रानु |
| १८ | | | |

**<u>कार्यपालिका वैठक नं.५, आ.व.२०८१- ०८२ (२०८१/०८/०३ को प्रस्तावहरु :</u>**

१. समिक्षा सम्बन्धमा ।

- आ.व.०८०/८१ को वार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।
- कात्तिक महिनाको प्रगति विवरण सम्बन्धमा ।
- कात्तिक महिनाको आय व्यय सम्बन्धमा ।

२. सार्वजनिक सुनुवाई कार्यक्रम सम्बधमा ।

३. छात्रा बचत खाता कार्यक्रम सञ्चालन सम्बन्धमा ।

४. शिक्षा योजना निर्माण सम्बन्धमा ।

५. गाउँ शिक्षा योजना लेखन कार्यदल गठन सम्बन्धमा ।

६. नागरिक उपचार सहायता सम्बन्धमा ।

७. भुक्तानी सम्बन्धमा ।

- कात्तिक महिनाको इन्धन खर्च ।

८. दिवशीय कार्यक्रम सञ्चालन सम्बन्धमा ।

९. खेलकुद विकास समिति पुर्नगठन सम्बन्धमा ।

१०. पकेट क्षेत्र कार्यक्रम सम्बन्धमा ।

११. प्रकोप व्यवस्थापन सम्बन्धमा ।

१२. विविध सम्बन्धमा ।

- विविध कार्यक्रम सम्बन्धमा ।



Scanned with CamScanner

**कार्यपालिका वैठक नं.५, आ.व.२०८१- ०८२ (२०८१/०८/०३ को निर्णयहरु :**

**निर्णय नं. १ : समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो । साथै आर्थिक वर्ष ०८०/८१ मा सम्पादन भएका कार्यहरु सम्बन्धमा वार्षिक समिक्षा कार्यक्रम यहि मिति २०८१ साल मंसिर महिनाको ०६ गते विहान ८ बजे गर्ने निर्णय गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य संस्थाहरुबाट पेश हुन आएको कात्तिक महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको कात्तिक महिनाको आम्दानी खर्च प्रतिवेदन ( सुत्र अनुसार) र यस आर्थिक वर्ष ०८१/८२ को पहिलो चौमासिक आय/व्यय विवरण तथा चौमासिक प्रगती प्रतिवेदन उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने र उक्त प्रतिवेदन सम्वन्धित निकायहरु समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ : सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।**

यस आर्थिक वर्ष ०८१/८२ को पहिलो चौमासिकमा गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्था लगायत पालिका मातहतका कार्यालयहरुवाट सम्पन्न भएका काम कारवाहीहरु सम्बन्धमा सार्वजनिक सुनुवाई यहि मंसिर महिनामा वडा नं. १ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ : छात्रा बचत खाता कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको नीति तथा कार्यक्रम अर्न्तगत छात्रा बचत खाता कार्यक्रम सञ्चालन सम्बन्धमा गाउँपालिका अर्न्तगतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत वाल विकासदेखि कक्षा १२ सम्मका सम्पुर्ण विद्यार्थिहरुको बचत खाता सञ्चालन गर्ने तथा सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्रा विद्यार्थिहरुको लागि प्रति विद्यार्थि वार्षिक रु.१,०००/-(अक्षररुपी एक हजार रुपैंया मात्र ।) गाउँपालिकाको कार्यालयबाट एक पटक बचत गरिदिने कार्यक्रम अनुसार यस गाउँपालिकामा रहेका वैंक तथा पालिकाको मिति ०८१/०६/१५ गते बसेको वैठकको निर्णयानुसार वैंक तथा वित्तिय सँस्थाहरुसँग प्रस्तावना माग गरिएको सोहि बमोजिम प्राप्त हुन आएका ६ वटा वैंकहरुको प्रस्तावमध्य कुमारी वैंक लिमिटेडको प्रस्तावना उत्कृष्ट रहेकोले सोहि वैंकसँग सम्झौता गरि कार्यक्रम सञ्चालन गर्नको लागि शिक्षा समितिको सिफारिस प्राप्त भएको हुँदा सोहि बमोजिम गाउँकार्यपालिकाको स्वीकृत कार्यविधि अनुसार कुमारी वैंक लिमिटेडसँग सम्झौता गरि छात्रा बचत खाता कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : शिक्षा योजना निर्माण समिति गठन सम्बन्धमा ।**

आँबुखैरेनी गाउँकार्यपालिकाको नीति तथा कार्यक्रम वमोजिम गाउँ शिक्षा योजना निर्माणका लागि तपशिल वमोजिमको ७ सदस्यीय आँबुखैरेनी गाउँ शिक्षा योजना निर्माण समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल :**

संयोजक : शुक्र चुमान

सदस्य : दुर्गा अर्याल

सदस्य : विष्णु प्रसाद शर्मा

Scanned with CamScanner

सदस्य : प्रेम बहादुर गुरुङ
सदस्य : मिलन भुजेल
सदस्य : सन्तोष गुरुङ
सदस्य सचिव : निर्मला कुँवर

**निर्णय नं. ५ : गाउँ शिक्षा योजना लेखन कार्यदल गठन सम्बन्धमा ।**
आँबुखैरेनी गाउँ शिक्षा योजना निर्माणका लागि तपशिल बमोजिमको ९ सदस्यीय आँबुखैरेनी गाउँ शिक्षा योजना लेखन कार्यदल गठन गर्ने तथा आवश्यक्ताअनुसार प्रशिक्षकको व्यवस्था गर्ने निर्णय गरियो ।
**तपशिल :**
संयोजक : निर्मला कुँवर
सदस्य : बाबुराम देवकोटा
सदस्य : प्रेमराज लामिछाने
सदस्य : सुरेन्द्र बोगटी
सदस्य : किशोर सुवेदी
सदस्य : विष्णु श्रेष्ठ
सदस्य : सन्देश भण्डारी
सदस्य : निलम चन्द
सदस्य : विरेन्द्र प्रसाद भट्ट

**निर्णय नं. ६ : नागरिक उपचार सहायता सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. ५ निवासी हर्क बहादुर गुरुङको छोरा राजेन्द्र गुरुङ (ना.प्र.नं.४३३०३०/३३८) मुटुरोगबाट विरामी भई हाल मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर महाराजगञ्ज काठमाण्डौमा उपचाररत हुनुभएकोमा निजको आर्थिक अवस्था कमजोर भएको कारण उपचारमा समस्या भएकोले उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराईदिन सम्वन्धित वडाको सिफारिस सहित निवेदन पेश भएको हुँदा उक्त निवेदन उपर छलफल गरि निजलाई उपचारको लागि गाउँकार्यपालिकाको स्वीकृत नागरिक उपचार तथा व्यवसायी सुरक्षा कोषबाट खर्च हुनेगरि उपचारको लागि रु.१,००,०००/-(अक्षररुपी एक लाख रुपैँया मात्र ।) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ : भुक्तानी सम्बन्धमा ।**
**क) कात्तिक महिनाको इन्धन खर्च भुक्तानी सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका कार्यालयमा रहेको गाउँपालिका भित्रको फोहोर संकलन, आँबुखैरेनी अस्पताल प्रयोजनार्थ एम्बुलेन्स सञ्चालन तथा कार्यालयको कामकाजको लागि विभिन्न मितिमा जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न स्थानहरुमा जाने प्रयोजनको लागि प्रयोग गरेबापत पालिकाको सवारी साधनमा प्रयोग गरेका इन्धन उपलब्ध गराए वापतको कात्तिक महिनामा जम्मा खर्च रकम रु.- ३,१४,६००/-( अक्षररुपी तिन लाख चौध हजार छ सय रुपैँया मात्र ।)भुक्तानीको लागि श्री अकला देवि टेड्रस, आँबुखैरेनी १ बाट पेश भएको निवेदन उपर छलफल गरि गाउँकार्यपालिकाको स्वीकृत इन्धन खर्च शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८ : दिवशीय कार्यक्रम सञ्चालन सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँकार्यपालिकाको आर्थिक वर्ष ०८१/८२ को स्वीकृत दिवशीय कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी हुनेगरि तपशिल बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

तपशिल :

| क्र.सं. | कार्यक्रमको नाम | सञ्चालन हुने मिति | दिवशको नाम | विनियोजित रकम |
|---|---|---|---|---|
| १. | पुर्ण अपाङ्ग व्यक्तिहरुलाई न्यानो कपडा (ब्ल्याङ्केट) वितरण कार्यक्रम | २०८१/०८/१८ देखि | विश्व अपाङ्गता दिवश । | २,००,००० |
| २. | लैङ्गिक हिंसाविरुद्ध कानुनी परामर्श तथा जनचेतनामुलक कार्यक्रम | २०८१/०८/१९ | लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान । | २,००,००० |
| | | जम्मा : | | ४,००,००० |

**निर्णय नं. ९ : खेलकुद विकास समिति पुर्नगठन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाद्धारा स्वीकृत गाउँ खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०७८, परिच्छेद-३, दफा ३ बमोजिम यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत रहेनगरि तपशिल बमोजिम खेलकुद विकास समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

अध्यक्ष : रमेश कुमार श्रेष्ठ, आँबुखैरेनी ३, तनहुँ । (उपदफा १- क बमोजिम)

सदस्य : भुगोल वि.क. (उपदफा १-ख बमोजिम)

सदस्य : खड्गराज थापा (उपदफा १-ख बमोजिम)

सदस्य : हरेराम के.सि., आँबुखैरेनी-३, तनहुँ ।( (उपदफा १-ग बमोजिम)

सदस्य : गुप्त बहादुर राना, आँबुखैरेनी- ३, तनहुँ ।( (उपदफा १-ग बमोजिम)

सदस्य : सुजन गुरुङ, आँबुखैरेनी- २ तनहुँ ।( (उपदफा १-घ बमोजिम)

सदस्य : प्रमोद वाग्ले, आँबुखैरेनी-१ तनहुँ ।( (उपदफा १-घ बमोजिम)

सदस्य : प्रविण अधिकारी, आँबुखैरेनी-३ तनहुँ ।( (उपदफा १-घ बमोजिम)

सदस्य : अमृत थापा, आँबुखैरेनी- ३ तनहुँ ।( (उपदफा १-घ बमोजिम)

सदस्य : सन्त बहादुर गुरुङ, आँबुखैरेनी- ४, तनहुँ ।( (उपदफा १-घ बमोजिम)

सदस्य : आँबुखैरेनी- ५, तनहुँ ।( (उपदफा १-घ बमोजिम)

सदस्य : भुपाल गुरुङ, आँबुखैरेनी- ६, तनहुँ ।( (उपदफा १-घ बमोजिम)

सदस्य : शुशिल पाण्डे, आँबुखैरेनी- २, तनहुँ ।( (उपदफा १-ङ बमोजिम)

सदस्य : हिमाल थापा, आँबुखैरेनी- २, तनहुँ ।( (उपदफा १-ङ बमोजिम)

सदस्य : विष्णु श्रेष्ठ, आँबुखैरेनी- ३, तनहुँ ।( (उपदफा १-ङ बमोजिम)

सदस्य सचिव : निर्मला कुँवर,( (उपदफा १-च बमोजिम)

Scanned with CamScanner

**निर्णय नं. १० : पकेट क्षेत्र कार्यक्रम सम्वन्धमा ।**
यस आर्थिक वर्ष ०८१/८२ का लागि संघीय सर्शत कार्यक्रम तरकारी वालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालनको लागि आँबुखैरेनी गाउँपालिका अर्न्तगत वडा नं. ४ लाई पकेट क्षेत्रका रुपमा स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : प्रकोप व्यवस्थापन सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. २ अर्न्तगत खोलागाउँ पौवा जाने बाटो अविरल वर्षाको कारण गएको पहिरोले क्षतिग्रस्त भई सडक अवरुद्ध भएकोले उक्त सडक मर्मतको लागि विपद व्यवस्थापन समितिको बैठकको निर्णय सहित सिफारिस पेश भएकोले आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी हुनेगरि खोलागाउँ पौवा जाने सडकमा पर्ने खोला नियन्त्रण तथा वारीको पहिरो हटाउने कार्यको लागि प्राविधिक स्टीमेट वमोजिम रु.१०,००,०००/-(अक्षररुपी दश लाख रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : विविध सम्वन्धमा ।**
**क) विविध कार्यक्रम सम्बन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. ३ अर्न्तगत चिसापानी टोल विकास सस्थाले आफ्नो संस्था मार्फत सार्वजनिक कार्य गर्न एवं विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नको लागि साउन्ड सिस्टम उपलब्ध गराईदिन भनि निवेदन पेश भएकोले उक्त टोल विकास सँस्थालाई साउन्ड सिस्टम खरिद कार्यको लागि गाउँकार्यपालिकाको स्वीकृत विविध कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी हुनेगरी जम्मा रु.३०,०००/- उपलब्ध गराउने निर्णय गरियो

**ख) कर्मचारी व्यवस्थापन सम्बन्धमा ।**
यस आँवुखैरेनी गाउँपालिकाको पर्यटकीय स्थल ऐनापहरामा टिकट व्यवस्थापन र सुरक्षा प्रयोजनको लागि कर्मचारी आवश्यक भएको हुँदा अर्को व्यवस्था नभईन्जेल सम्मको लागि डोर हाजिरी मार्फत कामकाज गर्नेगरी तपशिल वमोजिमको कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।
**तपशिल :**

| क्र.सं. | पद | कामकाज | सँख्या | सेवा सुविधा | |
|---|---|---|---|---|---|
| १ | कम्प्युटर अपरेटर | टिकट व्यवस्थापन | २ जना | मासिक रु.२०,०००/- | |
| २. | चौकिदार | सुरक्षा व्यवस्थापन | १ जना | मासिक रु.२२,०००/- र थप खाना खाजा बापत रु.५,०००/-गरी जम्मा रु.२७,०००/- | १ जना मात्र भएकोले विहान देखि बेलुका सम्म कामकाज गर्नुपर्ने भएको हुँदा खाना खाजा सुविधा उपलब्ध गराईएको । |

**ग) युवा तथा खेलकुद कार्यक्रम सम्बन्धमा ।**
यस आँवखैरेनी गाउँपालिका वडा नं. २ स्थित मार्किचोक रमाईलो टिम समुहद्धारा अध्यक्ष कप फुटबल प्रतियोगीता कार्यक्रम सञ्चालन गर्नको लागि बजेट विनियोजन गरिदिन भनि पेश भएको निवेदन उपर छलफल गरी सो कार्यक्रम सञ्चालन गर्नको लागि मार्किचाके रमाईलो टिमलाई गाउँकार्यपालिकाको स्वीकृत युवा तथा खेलकुद कार्यक्रम खर्च शिर्षकवाट भुक्तानी हुनेगरी जम्मा रु.४,००,०००/-(अक्षररुपी चार लाख रुपैंया मात्र ।) विनियोजन गर्ने निर्णय गरीयो ।

**घ) विद्यार्थी बचत खाता कार्यक्रम सञ्चालनार्थ वित्तीय सँस्था छनौट सम्बन्धमा ।**
यस आँबखैरेनी गाउँपालिकाको स्वीकृत नीति तथा कार्यक्रम विद्यार्थी बचत खाता कार्यक्रम सञ्चालन प्रयोजनार्थ सम्वन्धित वित्तीय सँस्थाहरुसँग प्रस्तावना माग गरीएकोमा पेश भएका प्रस्तावनाहरु मध्ये कुमारी वैंकको प्रस्तावना पालिकाको नीति तथा कार्यक्रमसँग अनुकुल भएको पाईएको हुँदा उक्त कार्यक्रम सञ्चालनको लागि कुमारी वैंकलाई छनौट गर्ने निर्णय गरीयो ।

**ङ) सिफारिस सम्वन्धमा ।**
यस आँबुखैरेनी गाउँपालिका वडा नं. २ मा पर्ने एक्लेफाँट पतेनीकोट ग्रामिण कृषि सडक मर्मत सम्भार तथा स्तरोन्नती गर्न सडक वोर्ड, नेपाललाई सिफारिस गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner